(पाचौं वैठक)

आज मिति २०८० कार्तिक २२ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको वैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री बच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा NIM

१४. सदस्य सचिव : श्री बीर बहादुर बस्नेत (प्र.प्र.अ)

आमन्त्रित/सहयोगी कर्मचारीहरु :

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री भक्ती प्रसाद मिश्र (लेखा अधिकृत)
- श्री भुपेन्द्र लाल श्रेष्ठ (स्वास्थ्य शाखा प्रमुख)
- श्री प्रत्य प्रसाद पराजुली, (इन्जिनियर)
- श्री गंगा सागर पौडेल, I.T officer
- श्री पेम्बा तामाङ, रोजगार संयोजक
- श्री वितेन्द्र कुमार श्रेष्ठ, (शिक्षा)
- श्री पुण्य प्रसाद पराजुली

भोटेकोशी गाउँपालिका
लिपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

<u>प्रस्तावहरु :</u>

१. पार्किङ व्यवस्थापन समिति गठन सम्वन्धमा
२. करार म्याद थप सम्वन्धमा
३. हाइड्रोलाई बाटो प्रयोग गर्न अनुमति दिने सम्वन्धमा
४. विपन्न नागरिकहरुलाई आर्थिक सहायता सम्वन्धमा
५. जिल्ला समन्वय समितिमा योजना पेश सम्वन्धमा
६. चौकिदार र सरसफाईकर्मी करार सेवामा राख्ने सम्वन्धमा
७. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा
८. जाजरकोट, रुकुम पश्चिममा परेका भुकम्प पिडितलाई आर्थिक सहायता सम्वन्धमा
९. फुटवल खेल सामाग्रीको भुक्तानी सम्वन्धमा
१०. भाडामा प्रयोग भएका घरहरुको रङरोगन बापतको रकम भुक्तानी सम्वन्धमा
११. सडक मर्मत तथा सरसफाईको रकम भुक्तानी सम्वन्धमा
१२. विविध सम्वन्धमा ।

<u>निर्णयहरु :</u>

१. यस भोटेकोशी गाउँपालिकामा तातोपानी भन्सार कार्यालय, तातोपानी धारा लगायतका क्षेत्रहरु रहेको हुँदा पार्किङ स्थल पहिचान गरि निर्माण गर्न अति आवश्यक भएकोले उक्त पार्कीङ व्यवस्थापनको लागि अध्ययन प्रतिवेदन पेश गर्ने गरि तपसिल बमोजिमको पार्किङ व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१) श्री कुमार श्रेष्ठ संयोजक
२) श्री निमा सोना शेर्पा सदस्य
३) श्री टासी शेर्पा सदस्य
४) सम्वन्धित वडा हेर्ने प्राविधिक सदस्य
५) गाउँपालिका अमीन सदस्य

२. यस भोटेकोशी गाउँपालिकाको आधारभूत अस्पतालमा प्रदेश सरकारले करार सेवामा पठाएको ल्याव असिस्टेन्ट श्री नाराण तामाङको करार प्रदेशबाट थप नभएको र निज २०७९/०८० देखि निरन्तर कामकाज गरि आएको र भोटेकोशी आधारभुत अस्पतालमा ल्याव संचालन भैरहेकोले उक्त अस्पतालमा अति आवश्यक भएको कारण गाउँपालिका बाट तलब भत्ता भुक्तानी हुने गरि करार म्याद २०८० श्रावण १ गते देखि २०८० चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

३. यस भोटेकोशी गाउँपालिका वडा नं ४ चाकु नजिक निर्माण भएको डम्पिङ साइटमा जाने मोटरबाटो इलेक्ट्रो पावर कम्पनि बाट निर्माण हुने भोटेकोशी ए जलविधुत आयोजनाले निर्माण स्थल जानको लागि मोटरबाटो प्रयोग गर्ने अनुमति माग गरेकोले ट्र्याक ओपन गरिएको उक्त सडक स्तरोन्नती

भोटेकोशी गाउँपालिका
लिपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

गर्ने दायित्व र सो क्षेत्रमा निर्मानाधिन रहेको डम्पिङ साइट पूर्ण रुपमा निर्माण सम्पन्न गरि फोहोरमैला व्यवस्थापनमा आवश्यक सहयोग गराउने शर्तमा अनुमति दिने निर्णय गरियो ।

४. यस भोटेकोशी गाउँपालिकाका अति विपन्न तपसिल वमोजिमका नागरिकहरुलाई आर्थिक सहायता वापत रु १० हजारका दरले प्रदान गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

- विन्दु तामाङ, भोटेकोशी गाउँपालिका - २
- साउ प्रधान, भोटेकोशी गाउँपालिका - १
- वच्चु रसाइली, भोटेकोशी गाउँपालिका - ४
- चिरिमाया घले तामाङ, भोटेकोशी गाउँपालिका - ४
- कल्पना कामी, भोटेकोशी गाउँपालिका - ४
- ङिमा शेर्पा, भोटेकोशी गाउँपालिका - १
- सोनाम तामाङ, भोटेकोशी गाउँपालिका - ५

५. जिल्ला समन्वय समितिवाट प्राप्त पत्र अनुसार यस भोटेकोशी गाउँपालिकाका लागि अति आवश्यक तपसिल वमोजिमका योजनाहरु निर्माणको लागि जिल्ला समन्वय समितिको कार्यालय, चौतारामा योजाना माग गर्ने निर्णय गरियो र उक्त योजनाको लागि गाउँपालिका बाट व्यहोर्नु पर्ने न्युनतम लागत सहभागिता ४० प्रतिशत गाउँ पालिकाले स्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

<u>तपसिल :</u>

- वडा नं १ को वडा कार्यालय भवन निर्माण

६. यस भोटेकोशो गाउँपालिकाको कार्यालयलाई अति आवश्यक चौकिदार र सरसफाईकर्मी १/१ जना खुल्ला प्रतियोगिताद्धारा करार सेवामा नियूक्ति गर्ने निर्णय गरियो । साथै गाउँपालिकाको लागि आवश्यक गाउँ प्रहरीको लागि एक जना अ.स.ई को कमाण्डमा १ महिला सहित ५ जना गाउँ प्रहरी नियुक्तिको लागि आवश्यक विज्ञापन गरि सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

७. यस भोटेकोशी गाउँपालिकामा आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनको लागि तपसिल वमोजिमका वितरण गरि वडाको सिफारिसको आधारमा योजना संचालन गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

| वडा नं | बजेट शिर्षक | बाडफाडको आधारहरु | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | रोजगारी सिर्जना | प्राथमिकता सुची क्रम अनुसार | ५४४००० | ८१६००० | १३६०००० | ६८००० | १७६८००० | ४५५६००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | निर्माण सामग्री खरिद, दुवानी तथा नपुग ज्याला | इस्टिमेट अनुसार | ३००००० | ४००००० | ७००००० | ४००००० | १२००००० | ३०००००० |
| ३ | कामदार सुरक्षा सामग्री खरिद | कामदारको संख्या अनुसार | | | | | | |
| ४ | कामदार संख्या | | ८ | १२ | २० | १ | २९ | |

८. मिति २०८० कार्तिक १७ गते जाजरकोट केन्द्र विन्दु वनाइ गएको ६.४ रेक्टर स्केलको भूकम्पवाट जाजरकोट, पश्चिम रुकुम सहित अन्य जिल्लाहरु समेतमा धेरै धन जनको क्षेति भएको हुँदा भुकम्प प्रभावित क्षेत्रका नागरिकहरुको सहयोगको लागि रु १० लाख आर्थिक सहायता गा.पा चालु विपद कोषवाट प्रदान गर्ने निर्णय गरियो ।

९. विजया दशमी २०८० को पावन अवसरमा मिति २०८० असोज ३० गते समुद्धघाटन भएको तेस्रो भोटेकोशी कप फूटवल प्रतियोगिता उद्धघाटको लागि खरिद गरेको जर्सी, जुता, शिल्ड लगायतका सामाग्रीहरुको बील वमोजिमको रकम रु १ लाख ६५ हजार यूवा तथा खेलकुद तर्फको खेलकुद सामग्री शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१०. गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न हुनु अगी कार्यालयले भाडामा प्रयोग भएका घरहरुको रङरोगन बापतको रकम सुरु सम्झौतामा उल्लेखित शर्त वमोजिम अन्य सम्पतिको रकम घर धनीहरुलाई प्राविधिक विल/कार्य सम्पन्न प्रतिवेदन कोठा रंगरोगन(कोठा मर्मत) अनुसार मर्मत सम्भार खर्च बाट भुक्तानी दिने निर्णय गरियो ।

११. सडक मर्मत तथा सरसफाई वापत प्राविधिक मूल्याङकन/वील भर्पाइ प्रतिवेदन अनुसार को रकम तपसिल वमोजिम भुक्तानी गर्ने निर्णय गरियो :

- वडा नं. ५ को त्याङथलि-अन्थली र लोम्पाटे सडक सरसफाई गर्दा लागेको वील वमोजिमको रकम रु ४ लाख ६५ हजार,
- वडा नं. १ मा सडक सरसफाइ गर्दा लागेको प्राविधिक मुल्यांकन वमोजिमको रकम रु ६ लाख १० हजार,
- वडा नं. १ मा सडक सरसफाइ गर्दा लागेको प्राविधिक मुल्यांकन वमोजिमको तेलको रकम रु ३६ हजार
- वडा नं २ को सडक मर्मत तथा सरसफाईको लागि रु १ लाख ७५ हजार

भोटेकोशी गाउँपालिका
कुलिपछकटी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

- वडा नं ३ को सडक मर्मत तथा सरसफाईको लागि ४ लाख
- वडा नं ४ को सडक मर्मत तथा सरसफाईको लागि ३ लाख ५० हजार

१२. विविध सम्वन्धमा

- होटल स्मल हेभन वाट अतिथि सत्कार खर्च बापतको विल भरपाई आए वमोजिमको रकम रु १ लाख ४० हजार भुक्तानी दिने निर्णय गरियो ।
- यस भोटेकोशी गाउँ कार्यपालिका, वडा कार्यालय र स्वास्थ संस्थाहरुको संगठनहरुको संगठन व्यवस्थापन सर्वेक्षण (O&M) गरि सोहि अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो । संगठन व्यवस्थापन सर्वेक्षणको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्व तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

- श्री वीर बहादुर वस्नेत प्रमुख प्रशासकीय अधिकृत संयोजक
- श्री भवानी प्रसाद मिश्र लेखा अधिकृत सदस्य
- श्री विनेश कुमार श्रेष्ठ शिक्षा अधिकृत सदस्य
- श्री गंगासागर पौड्याल सूचना प्रविधि अधिकृत सदस्य
- श्री नवराज खत्री शाखा अधिकृत सदस्य सचिव

- नेपालीहरुको महान चाड विजया दशमीको अवसरमा भोटेकोशी गाउँपालिका भित्रका विपन्न नागरिकहरुलाई दशैं मनाउनको लागि सहायता गरिएको खाधान्न लगायतको सामग्रीहरुको खर्च दुखि असहायलाई आर्थिक सहायतावाट रु ५० हजार र अन्य सामाजिक सहायता शिर्षकवाट रकम रु २ लाख गरि कुल २ लाख ५० हजार भुक्तानी दिने निर्णय गरियो ।

- कोदारी प्रहरी चौकी परिसरमा मन्दिर निर्माणको लागि लागत अनुमान वरावरको रु ४ लाख ४६ हजार विपद व्यवस्थापन कोष वाट विनियोजन गर्ने निर्णय गरियो ।

- वडा नं २ को घट्टे खोला साँघु मर्मत को लागि रु २ लाख ५० हजार विपद व्यवस्थापन कोष वाट विनियोजन गर्ने निर्णय गरियो ।

(समाप्त)